बर्जु गाउँपालिका, सुनसरीद्वारा प्रकाशित

# बर्जु राजपत्र

खण्डः ८ संख्याः १ मितिः २०८३/०२/१३

भाग-२

बर्जु गाउँपालिका

कोशी प्रदेश औद्योगिक व्यवसाय ऐन, २०७७ को दफा ६१, कोशी प्रदेश निजी तथा साझेदारी फर्म दर्ता ऐन, २०७७ को दफा ४२ तथा निजी तथा साझेदारी फर्म दर्ता नियमावली २०७८ को नियम ३ को उपनियम (४) को अधिनमा रही स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ को उपदफा (७) को अधिकार प्रयोग गरी बर्जु गाउँपालिकाबाट सर्वसाधारणको जानकारीको लागि यो राजपत्र प्रकाशन गरिएको छ।

**कार्यपालिकाबाट स्वीकृत मितिः २०८३/०२/१३**

**प्रमाणिकरण मितिः २०८३/०२/१३**

**प्रस्तावनाः** बर्जु गाउँपालिका क्षेत्रभित्र निजी फर्म, साझेदारी फर्म, लघु उद्यम तथा वाणिज्य प्रशासनसँग सम्बन्धित शर्तहरूलाई सहज बनाउन वाञ्छनीय भएकोले,

कोशी प्रदेश औद्योगिक व्यवसाय ऐन, २०७७ को दफा ६१, कोशी प्रदेश निजी तथा साझेदारी फर्म दर्ता ऐन, २०७७ को दफा ४२ तथा निजी तथा साझेदारी फर्म दर्ता नियमावली २०७८ को नियम ३ को उपनियम (४) को अधिनमा रही स्थानीय

सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ को उपदफा (७) को अधिकार प्रयोग गरी बर्जु गाउँपालिका को मिति २०८३/०२/१३ गतेको कार्यपालिका बैठकले यो कार्यविधि जारी गरेको छ।

**परिच्छेद १**

**प्रारम्भिक**

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस कार्यविधिको नाम **बर्जु गाउँपालिका लघु उद्यम, निजी तथा साझेदारी फर्म दर्ता कार्यविधि, २०८३** रहनेछ।

(२) यो कार्यविधि बर्जु गाउँपालिका क्षेत्र भर लागू हुनेछ र यस कार्यविधि बमोजिम दर्ता हुने लघु उद्यम, निजी तथा साझेदारी फर्मको हकमा सम्बन्धित प्रोपाईटर वा साझेदार वा उद्यमी यस बर्जु गाउँपालिकाको क्षेत्र बाहेक रहे वा बसोबास गरेको भए तापनि निजको हकमा समेत यो कार्यविधि लागू हुनेछ।

(३) यो कार्यविधि स्थानीय राजपत्रमा प्रकाशन भएको मितिदेखि लागू हुनेछ ।

२. **परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमाः

**(क)** **"ऐन"** भन्नाले "कोशी प्रदेश निजी तथा साझेदारी फर्म दर्ता ऐन, २०७७" वा "कोशी प्रदेश औद्योगिक व्यवसाय ऐन, २०७७" सम्झनु पर्दछ ।

**(ख)** **"कम्पनी"** भन्नाले कम्पनी ऐन, २०६३ बमोजिम संस्थापित कम्पनी सम्झनु पर्दछ ।

**(ग)** **"कार्यपालिका"** भन्नाले बर्जु गाउँपालिका को गाउँ कार्यपालिका सम्झनु पर्दछ ।

**(घ)** **"कार्यविधि"** भन्नाले बर्जु गाउँपालिका को लघु उद्यम, निजी तथा साझेदारी फर्म दर्ता कार्यविधि, २०८३ सम्झनु पर्दछ ।

**(ङ)** **"कार्यालय"** भन्नाले बर्जु गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय सम्झनु पर्दछ |

**(च)** **"निजी फर्म"** भन्नाले एउटै व्यक्तिको स्वामित्वमा रहने गरी वाणिज्य वा व्यवसाय गर्न वा उद्यम गर्न कोशी प्रदेश निजी तथा साझेदारी फर्म दर्ता ऐन, २०७७ बमोजिम दर्ता गराइएको कुनै फर्म सम्झनु पर्दछ ।

**(छ)** **"प्रोपराईटर"** भन्नाले निजी फर्मको धनी सम्झनु पर्दछ ।

**(ज)** **"प्रदेश कार्यालय"** भन्नाले प्रदेश सरकार अन्तर्गतका घरेलु तथा साना उद्योग कार्यालयहरुलाई जनाउँदछ । यसले प्रदेश सरकारको उद्योगसम्बन्धि मामिला हेर्ने मन्त्रालय र अन्तर्गतका अन्य कार्यालयहरुलाई समेत जनाउँदछ ।

**(झ)** **"प्रमुख प्रशासकीय अधिकृत"** भन्नाले स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ८४ बमोजिम नियुक्त बर्जु गाउँपालिका को प्रमुख प्रशासकीय अधिकृतलाई सम्झनु पर्दछ ।

**(ञ)** **"फर्म"** भन्नाले कोशी प्रदेश निजी तथा साझेदारी फर्म दर्ता ऐन, २०७७ बमोजिम वाणिज्य वा व्यवसाय गर्न वा उद्यम गर्नका लागि यस कार्यविधि बमोजिम दर्ता गरेको निजी वा साझेदारी फर्म सम्झनु पर्दछ ।

**(ट)** **"लघु उद्यम"** भन्नाले कोशी प्रदेशको प्रदेश औद्योगिक व्यवसाय ऐन, २०७७ को दफा १८ को (१) को (क) बमोजिमको उद्यम सम्झनु पर्दछ ।

**(ठ)** **"व्यवसाय"** भन्नाले गाउँ/नगरपालिका क्षेत्रभित्र संचालन गरिने कुनैपनि प्रकारका पेशा, उद्यम, उद्योग, व्यापार, वाणिज्य वा यस्तै अन्य प्रकृतिका व्यावसायिक कारोवार सम्झनु पर्दछ ।

(ड) **"व्यापार"** भन्नाले मुनाफा कमाउने उद्देश्यले प्राकृतिक वस्तु वा निर्मित वस्तु वा सेवाको गरिने खरिद विक्री, व्यापार तथा वाणिज्य सम्बन्धी क्रियाकलाप वा कारोबार सम्झनु पर्दछ ।

(ढ) **"वातावारणीय अध्ययन"** भन्नाले कोशी प्रदेश वातावरण संरक्षण ऐन, २०७६ र कोशी प्रदेश वातावरण संरक्षण नियमावली, २०७७ बमोजिम तथा प्रचलित वातावारणीय कानून बमोजिम गरिने अध्ययन सम्झनु पर्दछ ।

(ण) **"साझेदारी फर्म"** भन्नाले एकाघर संगोलको अंशियारहरु बाहेकका व्यक्तिहरुले एउटै नाम राखी, घाटा वा नाफाको मुनासिब वितरण हुने गरी, सबै साझेदारले प्रत्येक साझेदारका लागि वा कुनै साझेदारले सबै साझेदारका लागि सबै कारोबारमा भाग लिन आपसमा सम्झौता गरी कोशी प्रदेश निजी तथा साझेदारी फर्म दर्ता ऐन, २०७७ बमोजिम दर्ता गराएको कुनै फर्म सम्झनु पर्दछ ।

(त) **"स्थानीय तह"** भन्नाले गाँउपालिका वा नगरपालिका सम्झनु पर्दछ ।

**परिच्छेद–२**

**फर्म तथा लघु उद्यम दर्ता तथा नियमन सम्बन्धी व्यवस्था**

३. **फर्म तथा लघु उद्यम दर्ता वा अभिलेखीकरण गराउनु पर्नेः** (१) बर्जु गाउँपालिका क्षेत्रभित्र कुनैपनि किसिमको लघु उद्यम वा ऐनले तोकेको सीमासम्मको निजी वा साझेदारी फर्म यस कार्यविधि बमोजिम दर्ता नगराई स्थापना वा संचालन गर्न, गराउन हुदैन | स्थानीय तहमा दर्ता गर्न सकिने फर्म तथा लघु उद्यम **अनुसूची-१** मा उल्लेख भए बमोजिम हुनेछ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएता पनि प्रचलित कानून बमोजिम वाणिज्य आपुर्ति तथा उपभोक्ता संरक्षण कार्यालय, घरेलु तथा साना उद्योग कार्यालय, घरेलु तथा साना उद्योग समितिको कार्यालयजस्ता संघीय वा प्रदेश सरकारका कार्यालयमा दर्ता भएका निजी फर्म, साझेदारी फर्म वा लघु उद्यम यस कार्यविधि बमोजिम कार्यालयमा अभिलेखीकरण गराउनु पर्नेछ | निजी फर्म, साझेदारी फर्म वा लघु उद्यम अभिलेखीकरणका दिने दरखास्तको ढाँचा **अनुसूची-२** बमोजिम हुनेछ ।

(३) उपदफा (२) बमोजिम अभिलेखीकरण गर्दा फर्म वा लघु उद्यम दर्ता हुँदाको कागजात बमोजिम मिति, पूँजी, धनी, उद्यम/व्यवसायको विवरण जस्ता आधारभूत विवरणहरु साविक बमोजिम नै कायम गरी नयाँ दर्ता प्रमाण पत्र जारी गर्नु पर्नेछ । अभिलेखीकरणको लागि साविकमा दर्ता भएका कागजातको सक्कल प्रति माग गर्नु पर्नेछ ।

(४) उपदफा (३) बमोजिम फर्म वा लघु उद्यम दर्ता प्रमाणपत्र जारी गर्नुपूर्व बक्यौता व्यवसाय कर भएमा सो समेत असुल उपर गरी साविकको व्यवसाय कर दर्ता प्रमाणपत्र खारेज गरी सो सम्बन्धी विवरण नयाँ दर्ता प्रमाणपत्रमा समावेश गर्नु पर्नेछ ।

४. **फर्म दर्ता गर्न निवेदन दिनुपर्नेः** (१) यस कार्यविधि बमोजिम निजी फर्म दर्ता गर्न चाहने व्यक्तिले **अनुसूची-३** बमोजिमको ढाँचामा उल्लेख भएका कागजात संलग्न गरी दरखास्त तथा कबुलियतनामा कार्यालयसमक्ष पेश गर्नुपर्नेछ |

(२) यस कार्यविधि बमोजिम साझेदारी फर्म दर्ता गर्न चाहने व्यक्तिले **अनुसूची-४** बमोजिमको ढाँचामा उल्लेख भएका कागजात संलग्न गरी दरखास्त, कबुलियतनामा तथा साझेदारहरु बीच भएको सम्झौताको प्रतिलिपि कार्यालयसमक्ष पेश गर्नुपर्नेछ |

५. **लघु उद्यम दर्ता गर्न निवेदन दिनुपर्ने:** यस कार्यविधि बमोजिम लघु उद्यम दर्ता गर्न चाहने व्यक्ति, फर्म वा कम्पनीले **अनुसूची-५** बमोजिमको ढाँचामा उल्लेख भएका कागजात तथा परियोजना विवरण संलग्न गरी कार्यालय समक्ष निवेदन पेश गर्नुपर्नेछ ।

६. **वातावरणमा प्रतिकूल असरको न्यूनीकरण गर्नुपर्ने:** (१) फर्म वा लघु उद्यमले वायु, गन्ध, ध्वनि वा जल प्रदूषण तथा फोहरमैला उत्पन्न भई छरछिमेकका वासिन्दामा प्रतिकूल असर पर्नेसक्ने देखिएमा कार्यालयले छरछिमेकीको उपस्थितिमा सर्जमिन गराइ वातावरणमा प्रतिकूल असर नगर्ने स्वघोषणाको आधारमा दर्ता तथा इजाजत दिनुपर्नेछ । सर्जमिन मुचुल्काको लागि वडा कार्यालयलाई गरिने अनुरोध पत्रको ढाँचा **अनुसूची-६** मा उल्लेख भए बमोजिम हुनेछ ।

(२) फर्म वा लघु उद्यम संचालनको क्रममा वातावरणमा परेको वा पर्न सक्ने प्रतिकुल वातावारणीय असरको न्यूनीकरण गर्ने जिम्मेवारी सम्बन्धित फर्म वा लघु उद्यमको हुनेछ ।

(३) यस कार्यविधि बमोजिम वातावारणीय प्रभावको न्यूनीकरण गरे वा नगरेको सम्बन्धमा कार्यालयले आवश्यकता अनुसार अनुगमन गरी निर्देशन दिन, स्थानीय कानून बमोजिम जरिवाना गर्न वा कारवाहीको लागि सम्बन्धित निकायमा लेखी पठाउन सक्नेछ ।

७. **फर्म तथा लघु उद्यम दर्ता:** (१) दफा ४ र ५ बमोजिम निजी वा साझेदारी फर्म दर्ता गरी वाणिज्य वा लघु उद्यम गर्न निवेदन परेमा कार्यालयले आवश्यक जांचबुझ गरी निवेदन परेको मितिले पन्द्र दिनभित्र त्यस्तो फर्म दर्ता गरी लाग्ने दस्तुर लिई **अनुसूची-७** को ढांचामा निवेदकलाई वाणिज्य फर्म वा फर्म (लघु उद्यम) दर्ताको प्रमाणपत्र दिनु पर्नेछ । अभिलेखिकरण हुने फर्म तथा लघु उद्यमको हकमा साविक बमोजिम नै दर्ता विवरण कायम गरी नयाँ प्रमाणपत्र जारी गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम निवेदन जाँचबुझ गर्दा थप विवरण सङ्कलन वा कागजात माग गर्नुपर्ने देखिएमा कार्यालयले निवेदकलाई सात दिनभित्र त्यस्तो विवरण वा कागजात पेश गर्न लगाउन सक्नेछ ।

(३) फर्म तथा लघु उद्यम दर्ता गर्ने कार्यालयले प्रमाणपत्रसम्बन्धी कागजातहरुको अभिलेख राखी दर्ता कितावमा प्रविष्ट गरी प्रमाणपत्र जारी गर्नु पर्नेछ ।

(४) उपदफा (३) बमोजिम दर्ताको प्रमाणपत्र जारी गर्नुअघि सोही नामवाट पहिल्यै प्रमाणपत्र जारी भए वा नभएको जाँच गर्नुपर्नेछ । यदि जारी भएको पाइएमा सोही नामबाट पुनः अर्को प्रमाणपत्र जारी गर्न हुँदैन ।

(५) अभिलेख तथा उपदफा (४) को प्रयोजनका लागि कार्यालयले **अनुसूची-८** बमोजिमको ढाँचामा फर्म तथा लघु उद्यम दर्ता किताब राख्नेछ ।

(६) वातावरणीय अध्ययन गराउनुपर्ने लघु उद्यमका दर्ता तथा नवीकरण यस गाउँपालिकाबाट हुने छैन ।

(७) फर्म तथा लघु उद्यम सञ्चालन गर्न अन्य निकायबाट अनुमति लिनुपर्ने भए अनुमति लिएर मात्र उद्योग सञ्चालन गर्नुपर्नेछ ।

(८) यस दफामा जुनसुकै कुरा लेखिको भए तापनि एउटै व्यक्तिको नाममा समान उद्देश्य भएको एक भन्दा बढी निजी फर्म भए वा नभएको यकिन गरी एउटामात्र फर्म दर्ता गर्नुपर्नेछ ।

८. **व्यवसाय करको लागि समेत दर्ता भएको मानिने:** यस कार्यविधि बमोजिम दर्ता भएको फर्म तथा लघु उद्यमलाई व्यवसायिक कर प्रयोजनको लागि समेत दर्ता भएको मानिनेछ । यसरी व्यवसाय कर दर्ता प्रयोजनको लागि व्यवसाय दर्ता गरेपछि व्यवसाय दर्ता प्रमाणपत्र वापत थप शुल्क लाग्ने छैन ।

९. **दर्ता गर्न इन्कार गर्न सकिने:** (१) देहायको कुनै अवस्थामा कार्यालयले आधार र कारण खुलाई निजी फर्म, साझेदारी फर्म वा लघु उद्यम दर्ता गर्न इन्कार गर्न सक्नेछ:

(क) दर्ताको लागि आवश्यक सम्पूर्ण विवरण वा कागजात पेश नगरेमा,

(ख) कानूनले निषेध गरेको कार्य गर्न खोजिएमा ।

(२) उपदफा (१) बमोजिम दर्ता गर्न इन्कार गर्ने निर्णय भएकोमा निर्णय भएको मितिले सार्वजनिक बिदा बाहेक सात दिनभित्र आधार र कारण खुलाई सोको लिखित जानकारी सम्बन्धित निवेदकलाई दिनुपर्नेछ ।

१०. **कारोबार प्रारम्भको जानकारी दिनुपर्ने:** यस कार्यविधि बमोजिम दर्ता भएको फर्म वा उद्यमले दर्ता प्रमाणपत्रमा उल्लेख भएको अवधिभित्र व्यावसायिक उत्पादन वा कारोबार प्रारम्भ भएको मितिले नब्बे दिन भित्र सोको जानकारी कार्यालयलाई दिनु पर्नेछ ।

११. **अनुगमन तथा निरीक्षण गर्न सकिने:** (१) कार्यालयले यस कार्यविधि तथा दर्ता प्रमाणपत्रमा उल्लेखित शर्तहरुको पालना भए वा नभएको सम्बन्धमा फर्म वा लघु उद्योगको समय समयमा अनुगमन तथा निरीक्षण गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिमको अनुगमन तथा निरीक्षणको क्रममा कार्यालयले सम्बन्धित फर्म वा लघु उद्योगको परिसरमा प्रवेश गर्न, आवश्यकता अनुसार श्रव्य-दृश्य तथा अन्य सूचना तथा तथ्यांक सङ्कलन गर्न, आवश्यक कागजात जाँच गर्न तथा अन्य आवश्यक विवरण माग गर्न सक्नेछ ।

(३) उपदफा (२) बमोजिम माग भएको जानकारी वा विवरण उपलब्ध गराउनु सम्बन्धित फर्म वा लघु उद्यमको कर्तव्य हुनेछ ।

(४) उपदफा (२) बमोजिम माग गरेको जानकारी वा विवरण उपलब्ध नगराई फर्म वा लघु उद्यमले अटेर गरेमा कार्यालयले कानून बमाजिमको जरिवाना गर्न वा दर्ता प्रमाणपत्र खारेज गर्न सक्नेछ ।

## परिच्छेद-३

## नवीकरण, नामसारी, स्थानान्तरण, शाखा स्थापना, पूँजीबृद्धि तथा खारेजी

१२. **फर्म वा लघु उद्यमको नवीकरण:** (१) यस कार्यविधि बमोजिम दर्ता भएको फर्म वा लघु उद्यमले तीन वर्ष अवधी समाप्त भएको तीन महिनाभित्र नवीकरण गराउनु पर्नेछ ।

(२) फर्म वा लघु उद्यमले नवीकरण गराउन कार्यालयसमक्ष **अनुसूची-९** को ढाँचामा तोकिएका कागजात संलग्न गरी नवीकरणको लागि निवेदन पेश गर्नुपर्नेछ । फर्म वा लघु उद्यमले सो अवधिसम्मको व्यवसाय कर चुक्ता गरेमा नवीकरण वापत थप दस्तुर लाग्ने छैन ।

(३) उपदफा (२) मा तोकिएको अवधि भित्र नवीकरण नगराएमा थप नवीकरण दस्तुर लिई अवधि समाप्त भएको तिन बर्षसम्म नवीकरण गराउन सकिनेछ ।

(४) उपदफा (२) र (३) बमोजिम निवेदन प्राप्त भएमा कार्यालयले जाँचबुझ गरी फर्म वा लघु उद्यम नवीकरण गर्नुपर्नेछ ।

१३. **विवरण हेरफेर गर्न अनुमति लिनुपर्ने:** (१) यस कार्यविधि बमोजिम दर्ता भएका फर्म वा लघु उद्यमले कार्यालय समक्ष दिएको विवरणमा कुनै विषय (नाम, ठेगाना, उद्देश्य थपघट, कारोबार परिवर्तन) हेरफेर गर्नुपरेमा **अनुसूची-१०** बमोजिमको ढाँचामा आवश्यक कागजात संलग्न गरी कार्यालयमा दरखास्त दिनु पर्नेछ ।

(२) विवरण हेरफेरको लागि कार्यालयले प्राप्त निवेदनमाथि छानबिन गरी निवेदन प्राप्त भएको सात दिनभित्र निर्णय गरी **अनुसूची-११** को ढाँचामा विवरण हेरफेर गरिएको वा नगरिएको निस्सा समन्धित पक्षलाई दिनुपर्नेछ ।

(३) उपदफा (१) बमोजिमको निवेदनमाथि छानबिन गर्दा विवरण हेरफेर गर्न उपयुक्त नदेखिएमा कार्यालयले विवरण हेरफेर नहुने निर्णय गरी निवेदकलाई लिखित रुपमा जानकारी दिनुपर्नेछ ।

१४. **शाखा खोल्न सक्नेः** (१) यस कार्यविधि बमोजिम दर्ता भएको फर्म वा लघु उद्योगले सोही स्थानीय तहमा वा अन्य स्थानीय तहमा समेत व्यापार, व्यवसाय वा उत्पादन गर्ने भएमा कार्यालयको स्वीकृति लिएर शाखा खोल्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम शाखा कार्यालय खोलेपछि व्यवसाय कर प्रयोजनको लागि सम्बन्धित स्थानीय तहको प्रचलित कानून बमोजिम शाखा दर्ता गर्नु पर्नेछ ।

(३) यस दफा बमोजिम जुनसुकै कुरा लेखिएको भए तापनि यस कार्यविधि बमोजिम दर्ता भएको फर्म वा लघु उद्योगले अन्य स्थानीय तहमा समेत व्यापार, व्यवसाय वा उत्पादन गर्ने भएमा प्रचालित प्रदेश कानून बमोजिम सम्बन्धित प्रदेश सरकारका कार्यालयमा दर्ता गर्न सक्नेछ ।

(४) उपदफा (३) बमोजिम फर्म वा लघु उद्योग प्रदेश सरकारका कार्यालयमा दर्ता गर्न चाहेमा कार्यालयले उक्त फर्म वा लघु उद्योगको कागजात सहितको विवरण अध्यावधिक गरी सम्बन्धित निकायमा पठाउनु पर्नेछ ।

१५. **पुँजीबृद्धि गर्न अनुमति लिनुपर्ने :** (१) यस कार्यविधि बमोजिम दर्ता भएका फर्म वा लघु उद्यमले पूँजीबृद्धि गर्नु परेमा **अनुसूची-१२** बमोजिमको ढाँचामा आवश्यक कागजात संलग्न गरी कार्यालयमा दरखास्त दिनुपर्नेछ ।

(२) पूँजीबृद्धिको लागि कार्यालयले प्राप्त निवेदनमाथि छानबिन गरी निवेदन प्राप्त भएको सात दिनभित्र निर्णय गरी **अनुसूची-१३** को ढाँचामा पूँजीबृद्धि गरिएको निस्सा दिनु पर्नेछ ।

(३) उपदफा (१) बमोजिमको निवेदनमाथि छानबिन गर्दा पूँजीबृद्धि गर्न उपयुक्त नदेखिएमा कार्यालयले पूँजीबृद्धि नहुने निर्णय गरी निवेदकलाई लिखित रुपमा जानकारी प्रदान गर्नुपर्नेछ ।

(४) यस दफामा जुनसुकै कुरा उल्लेख भए तापनि यस कार्यविधि बमोजिम दर्ता भएको लघु उद्यमको घर र जग्गा बाहेक स्थिर पूँजी बीस लाख रुपैया तथा फर्मको पूँजी पाँच लाख रुपैयाभन्दा बढी हुने गरी पूँजीबृद्धि गर्नुपरेमा प्रचलित प्रदेश कानून बमोजिम सम्बन्धित निकायमा दर्ता हुनुपर्नेछ ।

(५) उपदफा (४) बमोजिम पूँजीबृद्धिको निवेदन प्राप्त भएमा लाग्ने कर तथा शुल्क असुल गरी पूँजीबृद्धिको सिफारिससहित सम्बन्धित प्रदेश कार्यालयमा पत्र सहित कागजात पठाउनु पर्नेछ । पत्रको ढाँचा **अनुसूची-१४** मा दिईएको छ ।

(६) उपदफा (५) बमोजिम प्रदेश कार्यालयमा पूँजीबृद्धि सहित फर्म दर्ता भएको प्रमाणको आधारमा कार्यालयले दर्ता खारेजी गर्नु पर्नेछ तथा व्यवसाय कर प्रयोजनकालागि व्यवसाय दर्ता गर्नु पर्नेछ । व्यवसाय कर दर्ता प्रमाणपत्रको नमूना **अनुसूची-१५** मा दिईएको छ ।

१६. **स्थानान्तरणका लागि स्वीकृति लिनुपर्नेः** (१) यस कार्यविधि बमोजिम दर्ता भएका फर्म वा लघु उद्यमलाई यस बर्जु गाउँपालिका भित्रको एक ठाँउबाट अर्को ठाँउमा स्थानान्तरण गर्नुपरेमा **अनुसूची-१६** बमोजिमको ढाँचामा तोकिएका कागजात संलग्न गरी कार्यालयमा दरखास्त दिनुपर्नेछ ।

(२) स्थानान्तरणका लागि कार्यालयले प्राप्त निवेदनमाथि छानबिन गरी निवेदन प्राप्त भएको सात दिनभित्र निर्णय गरी **अनुसूची-१७** को ढाँचामा स्थानान्तरण स्वीकृत गरिएको वा नगरिएको जानकारी सम्वन्धित पक्षलाई दिनुपर्नेछ।

(३) अन्य स्थानीय तहबाट यस बर्जु गाउँपालिका मा स्थानान्तरण भई आउन चाहने फर्म वा लघु उद्यमले यस कार्यविधिमा उल्लेखित शर्त पुरा गरेमा नयाँ फर्म वा लघु उद्यम दर्ता सरह मानी दर्ता प्रमाणपत्र समेत दिनु पर्नेछ । यसरी दर्ता गर्दा फर्म वा लघु उद्यमको दर्ता मिति, पूँजी, धनी, उद्यम/व्यवसायको विवरण जस्ता आधारभूत विवरणहरु साविक बमोजिम नै कायम गर्नु पर्नेछ ।

(४) यस कार्यविधि बमोजिम दर्ता भएको फर्म वा लघु उद्यमले यस बर्जु गाउँपालिका को क्षेत्रबाहिर स्थानान्तरण गर्नुपर्ने भएमा खारेजी प्रक्रिया पुरा गरी स्थानान्तरण हुने स्थानीय तहलाई स्थानान्तरण दर्ता सिफारिस दिनुपर्नेछ ।

१७. **फर्म वा लघु उद्यमको नामसारीसम्बन्धी व्यवस्थाः** (१) यस कार्यविधि बमोजिम दर्ता भई सञ्चालनमा रहेको फर्म वा उद्योग धनीले फर्म वा उद्योग बिक्री गर्न वा साझेदार थपघट गर्न चाहेमा **अनुसूची-१८** बमोजिमको ढाँचामा तोकिएका कागजात संलग्न गरी कार्यालयसमक्ष दरखास्त दिनुपर्नेछ ।

(२) उपदफा (१) बमोजिम नामसारीका लागि दरखास्त दिंदा फर्म लिने र दिने दुवै व्यक्ति स्वयं उपस्थित हुनुपर्नेछ ।

(३) निजी फर्मको प्रोप्राइटरको मृत्यु भई फर्मको नामसारी गर्नुपर्ने भएमा वा साझेदारी फर्मको कुनै साझेदारको मृत्यु भई साझेदारको नामसारी गर्नु परेमा वा लघु उद्यमीको मृत्यु भई लघु उद्यमको नामसारी गर्नुपर्ने भएमा त्यस्तो फर्म धनी वा साझेदार वा उद्यमीको नजिकका अंशियारले आपसी मञ्जुरीको कागज, सक्कल नागरिकता, नाता प्रमाणपत्र, मृत्यु दर्ता प्रमाणपत्र र अन्य आवश्यक कागजात संलग्न गरी सोही व्यहोरा जनाई कार्यालयमा दरखास्त दिनुपर्नेछ ।

(४) उपदफा (१) र (३) बमोजिम दरखास्त प्राप्त भएमा कार्यालयले सबैको सनाखत गराई नामसारी गरी फर्म अध्यावधिक गराई दर्ता प्रमाणपत्र दिनुपर्नेछ ।

(५) नामसारीका लागि दरखास्त दिने अंशियारबीच विवाद देखिएमा राष्ट्रिय स्तरको दैनिक पत्रिका तथा कार्यालयको सूचना पाटीमा हकदाबीसम्बन्धी पैंतीस दिने सूचना प्रकाशन गराई प्रचलित कानून बमोजिम आवश्यक निर्णय गर्नुपर्नेछ ।

१८. **फर्म तथा लघु उद्यमको स्वेच्छिक खारेजीः** (१) यस कार्यविधि बमोजिम दर्ता भएको निजी फर्मको प्रोप्राइटर वा साझेदारी फर्मका साझेदारहरु वा लघु उद्यमीले फर्म वा लघु उद्यमको दर्ता खारेज गरिपाउँ भनी मनासिब कारण देखाई **अनुसूची-१९** बमोजिमको ढाँचामा तोकिएका कागजात संलग्न गरी कार्यालय समक्ष दरखास्त दिनुपर्नेछ ।

(२) उपदफा (१) बमोजिम दरखास्त प्राप्त भएमा नवीकरण दस्तुर तथा जरिवाना तिर्नुपर्ने भएमा सो समेत असुल गरी निवेदन प्राप्त भएको सात दिन भित्र फर्म वा उद्यमका दर्ता खारेज गरी सोको जानकारी सम्बन्धित व्यक्तिलाई दिनुपर्नेछ ।

## परिच्छेद–४
## निर्णय, गुनासो तथा विविध

१९. **गुनासोः** (१) यस कार्यविधि बमोजिम कार्यालयबाट भएको निर्णयप्रति चित्त नबुझेमा निजी फर्मको प्रोप्राइटर वा साझेदारी फर्मको साझेदार वा लघु उद्यमीले निर्णय भएको मितिले पन्ध्र दिनभित्र गाउँपालिका अध्यक्ष समक्ष निवेदन दिन सक्नेछ।

(२) उपदफा (१) बमोजिमको निवेदन प्राप्त भएमा कार्यालयले निवेदन प्राप्त भएको मितिले सामान्यतया तीस दिन भित्र निर्णय गर्नुपर्नेछ ।

२०. **विद्युतीय माध्यमको प्रयोग गर्न सकिनेः** (१) दरखास्त तथा दरखास्तसँग संलग्न गर्नुपर्ने विवरण वा कागजात विद्युतीय मध्यम (अनलाइन) बाट समेत पेश गर्ने व्यस्था गर्न सकिनेछ र तत् सम्बन्धी कागजातको प्रमाणीकरण विद्युतीय हस्ताक्षरको माध्यमबाट गर्न सकिनेछ ।

(२) प्रमाणपत्र सम्बन्धी कागजातहरुको अभिलेखन, दर्ता तथा प्रमाणपत्र जारी गर्ने कार्यमा विद्युतीय माध्यम प्रयोगमा ल्याउन सकिनेछ ।

(३) कार्यालयले यस कार्यविधि बमोजिम फर्म वा उद्यम दर्ता, नियमन, निरीक्षण तथा अन्य काम कारवाही गर्न प्रदेश सरकारको विद्युतीय पोर्टल प्रयोग गर्न सक्नेछ ।

२१. **विवरण उपलब्ध गराउनुपर्ने:** यस कार्यविधि बमोजिम दर्ता भएका फर्म तथा लघु उद्यमहरुबाट कार्यालयले विवरण माग गरेमा फर्म धनीले सात दिन भित्र त्यस्तो विवरण उपलब्ध गराउनुपर्दछ । कुनै कारणबस सो समयभित्र विवरण उपलब्ध गराउन नसक्ने भएमा सोको लिखित रुपमा जानकारी गराई बढीमा थप पन्द्र दिन समय माग गर्न सकिनेछ ।

२२. **अधिकार प्रत्यायोजन:** बर्जु गाउँपालिकाको कार्यालयले यस कार्यविधि बमोजिम आफुलाई प्राप्त अधिकारमध्ये केहि अधिकार वडा कार्यालयले प्रयोग गर्न पाउने गरी प्रत्यायोजन गर्न सक्नेछ ।

२३. **प्रदेश कार्यालयलाई जानकारी गराउनुपर्ने:** यस कार्यविधि बमोजिम दर्ता भएका फर्म तथा लघु उद्यमको विवरण यस विषयसँग सम्बन्धित नजिकको प्रदेश कार्यालयलाई त्रैमासिक रुपमा प्रदेश कार्यालयले तोकेको ढाँचामा उपलब्ध गराउनुपर्नेछ ।

२४. **अनुसूचीमा हेरफेर वा थपघट हुने:** यस अनुसूचीमा उल्लिखित विषयहरू प्रदेश कानूनवाट संसोधन भएमा अनुसूचीको व्यवस्था स्वत संशोधित भएको मानिनेछ ।

२५. **थप फारामहरुको ढाँचा तयार गर्न सकिने:** फर्म तथा लघु उद्यम प्रशासनमा सहजीकरणको लागि सम्बन्धित प्रदेश कार्यालयको सहमतिमा कार्यालयले थप फारामहरुको ढाँचा तयार गरी कार्यपालीकाबाट स्वीकृत गराई लागू गर्न सक्नेछ ।

२६. **दस्तुर तथा जरिवाना सम्बन्धी अन्तरिम व्यवस्था:** स्थानीय आर्थिक ऐनले फर्म तथा लघु उद्यमको प्रशासनसम्बन्धी दस्तुर तथा जरिवानाको व्यवस्था नगरेसम्म फर्म तथा लघु उद्यम दर्ता, नवीकरण, विवरण हेरफेर, स्थानान्तरण तथा नामसारीसम्बन्धी दस्तुर तथा जरिवानाको व्यवस्था **अनुसूची-२०** मा उल्लेख भए बमोजिम हुनेछ ।

२७. **प्रचलित प्रदेश कानून बमोजिम हुने:** यस कार्यविधिमा व्यवस्था भएका विषय यसै कार्यविधि बमोजिम र व्यवस्था नभएका विषयमा प्रचलित प्रदेश कानून बमोजिम हुनेछ ।

२८. **बचाऊ:** यस कार्यविधि प्रारम्भ हुनुभन्दा अघि फर्म वा लघु उद्यमसम्बन्धी भएका सम्पूर्ण काम कारवाहीहरु यसै कार्यविधि बमोजिम भए गरेको मानिनेछ ।

२९. **बाधा अड्काउ फुकाउः** यस कार्यविधिको कार्यान्वयन गर्दा कुनै बाधा अड्काउ परेमा कार्यालयले स्थानीय राजपत्रमा सूचना प्रकाशित गरी आदेश जारी गरी त्यस्तो बाधा अड्काउ हटाउन सक्नेछ ।

अनुसूची-१

(दफा ३ को उपदफा १ संग सम्बन्धित)
स्थानीय तहमा दर्ता गर्न सकिने फर्म तथा लघु उद्यमको विवरणः

**(क) लघु उद्यमः** कोशी प्रदेश औद्योगिक व्यवसाय ऐन, २०७७ को दफा १८ को (१) को (क)

(१) घर जग्गा बाहेक बढीमा बीस लाख रुपैयासम्मको स्थिर पूँजी रहेको,

(२) उद्यमी र निजको एकासंगोलको परिवारका सदस्य स्वयम् उद्योगको संचालन र व्यवस्थापनमा संलग्न रहेको,

(३) उद्यमी सहित बढीमा नौ जनासम्म कामदार रहेको,

(४) वार्षिक कारोबार एक करोड रुपैया भन्दा कम रहेको,

(५) इन्जिन, उपकरण वा मेसिनको प्रयोग गरेको भएमा इन्जिन, उपकरण वा मेसिनमा खपत हुने विद्युतीय उर्जा, इन्धन वा अन्य तेल इन्जिनको क्षमता पच्चीस किलोवाट वा सो भन्दा कम रहेको|

**(ख) निजी तथा साझेदारी फर्मः** कोशी प्रदेश निजी तथा साझेदारी फर्म दर्ता ऐन, २०७७ को दफा ४२ तथा निजी तथा साझेदारी फर्म दर्ता नियमावली २०७८ को नियम ३ को उपनियम (४)

(१) पाँच लाख रुपैयासम्मको अधिकृत पूँजी भएको ।

अनुसूची-२

(दफा ३ को उपदफा २ संग सम्बन्धित)

निजी फर्म, साझेदारी फर्म वा लघु उद्यम अभिलेखीकरणका दिने दरखास्तको ढाँचा

श्रीमान् प्रमुख प्रशासकीय अधिकृत ज्यू
.....................................

**विषयः** निजी फर्म, साझेदारी फर्म वा लघु उद्यम अभिलेखीकरण सम्बन्धमा

**महोदय,**

प्रस्तुत विषयमा तलसिल बमोजिम विवरण भएको निजी फर्म/साझेदारी फर्म/लघु उद्यम मिति —————— मा ———— कार्यालयम दर्ता भई संचालन भई रहेकोमा उक्त निजी फर्म/साझेदारी फर्म/लघु उद्यम त्यस ———— पालिकामा अभिलेखीकरणका लागि आवश्यक पर्ने कागजातहरू यसैसाथ संलग्न गरी यो निवेदन पेश गरेको छु। यहाँ उल्लिखित विवरणहरू सत्य र साँचा हुन्, कुनै कुरा झुट्टा ठहरे कानून बमोजिम सहुँला, बुझाउंला ।

१. फर्मको पूरा नाम (नेपालीमा):
२. फर्मको पूरा नाम (अंग्रेजीको ठूलो अक्षरमा):
३. फर्मको पूरा ठेगानाः
४. सम्पर्क मोबाइल नं.:
५. फर्ममा लगानी गरिएको पूँजी (अंक र अक्षर दुबैमा):
६. फर्मको उद्देश्यः
७. फर्मले कारोबार गर्ने मुख्य वस्तुको विवरणः
८. प्रोप्राइटरको पूरा नामः
९. प्रोप्राइटरको पूरा ठेगानाः

- स्थायी ठेगानाः —— प्रदेश —— जिल्ला —— पालिका—— वडा नं. ——
- हालको ठेगानाः —— प्रदेश —— जिल्ला —— पालिका—— वडा नं. ——
- प्रोप्राइटरको नागरिकता प्र.प. नं.: ————.., जारी जिल्लाः ————., मितिः ——

१०. प्रोप्राइटरको तीन पुस्ते नाम र ठेगानाः
क. बाजेको नाम, थर, ठेगानाः ————
ख. बाबुको नाम, थर, ठेगानाः ————
ग. विवाहित महिला भए पतिको नाम, थर, ठेगानाः ————

**निवेदकको दस्तखतः**

**दाँया** **बाँया**

**दरखास्त साथ सम्लग्न गर्नुपर्ने कागजातहरुः**

(१) नेपाली नागरिकताको प्रतिलिपि ।

(२) भारतीय नागरिकको हकमा कानून बमोजिम व्यापार गर्न पाउने अनुमति सम्वन्धी कागजात ।

(३) पासपोर्ट साइजका तीन प्रति फोटो ।

(४) सक्कल निजी फर्म/साझेदारी फर्म/लघु उद्यम दर्ता प्रमाणपत्र ।

(५) पछिल्लो आ. व. को कर संघीय कर बुझाएको प्रमाणको प्रतिलिपि

(६) व्यवसाय कर बुझाएको निस्साको प्रतिलिपि वा ........... पालिकावाट प्रमाणित विवरण

(७) नवीकरण दस्तुर तिरेको प्रमाणको प्रतिलिपि

अनुसूची-३
(दफा ४ को उपदफा १ संग सम्बन्धित)
निजी फर्म दर्ताको निमित्त दिने दरखास्तको ढाँचा

मिति....................:

श्रीमान् प्रमुख प्रशासकीय अधिकृत ज्यू
.......................................

**विषयः** निजी फर्म दर्ता सम्बन्धमा

**महोदय,**

तल लेखिएका अनुसारको व्यापार सञ्चालन गर्न निम्न लिखित नामको निजी फर्म मेरो/हाम्रो नाममा दर्ता गराउनु पर्ने भएकाले, दर्ताका लागि आवश्यक पर्ने कागजातहरू यसैसाथ संलग्न गरी यो निवेदन पेश गरेको छु। यहाँ उल्लिखित विवरणहरू सत्य र साँचा हुन्; कुनै कुरा झुट्टा ठहरे कानून बमोजिम सहुँला, बुझाउंला ।

१. फर्मको पूरा नाम (नेपालीमा)ः
२. फर्मको पूरा नाम (अंग्रेजीको ठूलो अक्षरमा)ः
३. फर्मको पूरा ठेगानाः
४. सम्पर्क मोबाइल नं.ः
५. फर्ममा लगानी गरिएको पूँजी (अंक र अक्षर दुबैमा)ः
६. फर्मको उद्देश्यः
७. फर्मले कारोबार गर्ने मुख्य वस्तुको विवरणः
८. प्रोप्राइटरको पूरा नामः
९. प्रोप्राइटरको पूरा ठेगानाः
- स्थायी ठेगानाः —— प्रदेश —— जिल्ला —— पालिका—— वडा नं. ——
- हालको ठेगानाः —— प्रदेश —— जिल्ला —— पालिका—— वडा नं. ——
- प्रोप्राइटरको नागरिकता प्र.प. नं.ः ————.., जारी जिल्लाः ————., मितिः ——

१०. प्रोप्राइटरको तीन पुस्ते नाम र ठेगानाः
क. बाजेको नाम, थर, ठेगानाः ————
ख. बाबुको नाम, थर, ठेगानाः ————
ग. विवाहित महिला भए पतिको नाम, थर, ठेगानाः ————
११. फर्म अन्य निकायमा दर्ता भएको भए, दर्ता प्रमाणपत्र र दर्ता मितिः ————

**निवेदकको दस्तखतः**

**दाँया** **बाँया**

**दरखास्त साथ सम्लग्न गर्नुपर्ने कागजातहरुः**

(१) नेपाली नागरिकताको प्रतिलिपि ।

(२) भारतीय नागरिकको हकमा कानून बमोजिम व्यापार गर्न पाउने अनुमति सम्वन्धी कागजात ।

(३) पासपोर्ट साइजका तीन प्रति फोटो ।

(४) लघु उद्यम सञ्चालन गर्ने फर्मको हकमा सम्बन्धित वडा सर्जमिन मुचुल्का ।

(५) जग्गाधनी प्रमाणपत्र (घर तथा जग्गा आफ्नै नाममा नभई एकाघरको भएमा ।

(६) मञ्जुरीनामा, एकाघर बाहिरको भएमा घर तथा जग्गा भाडा सम्झौता) तथा मालपोत तिरेको रसिद ।

(७) मनी चेन्जर तथा मनी ट्रान्सफरको कारोबार गर्ने फर्मका लागि नेपाल राष्ट्र बैंकको स्वीकृतिपत्र ।

(८) औषधिको कारोबार गर्ने फर्मका लागि औषधि व्यवस्था विभागको सिफारिस वा अनुमतिपत्र ।

(९) विषादीजन्य व्यवसाय दर्ताका लागि विषादीजन्य व्यवसायको अनुमति दिने निकायको सिफारिस वा अनुमतिपत्र ।

(१०) प्रचलित कानून बमोजिम फर्म दर्ताका लागि अन्य निकायको सिफारिस वा अनुमतिपत्र लिनुपर्ने भए त्यस्ता सिफारिस वा अनुमतिपत्र ।

(११) सम्बन्धित निकायले खुलाउनुपर्ने भनी तोकेको अन्य कागजात ।

**कबुलियतनामाको ढाँचा**

लिखितम् ——— को नाती ——— को छोरा ———, बस्ने वर्ष ——— को ——— आगे ——— को नामले निजी फर्म/साझेदारी फर्म दर्ता गर्न मैले/हामीले ——— कार्यालयमा दरखास्त दिएकोमा उक्त फर्म दर्तासम्बन्धी प्रचलित ऐन, कानून तथा तल उल्लिखित शर्तहरू समेत पालना गरी कार्य गर्नेछु/गर्नेछौं । सो पालना गर्ने विषयमा कबुलियत गर्न तपाई/हजुरहरूको मञ्जुरी छ/छैन भनी ——— कार्यालयबाट सोधनी भएकोमा मेरो/हाम्रो चित्त बुझ्यो । यसमा प्रचलित ऐन, कानून तथा तपसीलमा लेखिएका शर्तहरू उल्लङ्घन गरेको देखिएमा प्रचलित ऐन, कानून बमोजिम सहुँला/बुझाउँला भनी मेरो/हाम्रो स्वतन्त्र इच्छा र राजीखुसीले यो कबुलियतनामाको कागज लेखी ——— कार्यालयमा चढाएँ/चढायौं ।

**तपसील**

१. यो ——— नामको फर्म दर्ता हुनुभन्दा पहिले अरू कसैले सोही नाम वा मिल्दोजुल्दो नाममा फर्म दर्ता गरिसकेको भए सोको सूचना पाउनासाथ तुरुन्तै यो फर्म खारेज गरी नयाँ नाम राखी फर्म दर्ता गर्न आउनेछु । सूचनामा उल्लेखित म्यादभित्र उपस्थित नभएको कारणले फर्म स्वतः खारेज गरिएमा पछि कुनै दाबी गर्नेछैन ।

२. ऐनको दफा १७ बमोजिम मेरो फर्म खारेज भएमा वा नियमावलीमा भएको व्यवस्था बमोजिम स्वतः खारेज हुने अवस्था आएमा कुनै दाबी गर्नेछैन र तिर्न—बुझाउनुपर्ने बाँकी सम्पूर्ण रकम बुझाउनेछु ।

३. यो फर्मको साइनबोर्ड राख्दा ठूलो नेपाली अक्षरमा लेखी, माथि राखी तथा सुविधा प्रयोजनका लागि सोही साइनबोर्डको तलतिर सानो अङ्ग्रेजी अक्षरमा लेख्नेछु ।

४. यस फर्ममा विदेशी नागरिकलाई कर्मचारीका रूपमा नियुक्ति गर्नुपरेमा आवश्यक स्वीकृति प्राप्त गरेपछि मात्र नियुक्ति गर्नेछु ।

५. यसभन्दा अगाडि मेरो नाममा अन्य कुनै फर्म दर्ता गरी राखेको छैन । यसभन्दा अगाडि मेरो नाममा ——— मा ——— बाट ——— नामको फर्म दर्ता गरी राखेकोमा हाल सो फर्म खारेज भई कानून बमोजिम पुनः अर्को फर्म दर्ता गर्न मिल्ने भएकाले यो फर्म दर्ता गर्न ल्याएको छु ।

दस्तखतः

फर्म धनीको नामः ———

इति सम्बत् २०– साल ——— महिना ——— गते, रोज ——— शुभम् ।

अनुसूची-४

(दफा ४ को उपदफा २ संग सम्बन्धित)
साझेदारी फर्म दर्ताको निमित्त दिने दरखास्तको ढाँचा

मिति.....................:

श्रीमान् प्रमुख प्रशासकीय अधिकृत ज्यू
.......................................
...................................

**विषयः साझेदारी फर्म दर्ता गर्ने सम्बन्धमा ।**

**महोदय,**
हामी तपसील बमोजिमका साझेदारहरूले तपसीलमा उल्लेख भएबमोजिमको व्यवसाय दर्ता गरी सञ्चालन गर्न मञ्जुर भएकोले साझेदारी कबुलियतनामा तथा अन्य आवश्यक कागजातहरू यसै फारामसाथ संलग्न गरी दर्ता प्रयोजनका लागि पेश गरेका छौं । कोशी प्रदेश निजी तथा साझेदारी फर्म दर्ता ऐन, २०७७ बमोजिम दर्ता प्रयोजनका लागि लाग्ने सरकारी दस्तुर लिई तपसीलमा उल्लेख भएबमोजिमको व्यवसाय दर्ता गरिदिनुहुन अनुरोध गर्दछौं । लेखिएको व्यहोरामा कुनै कुरा झुट्टा ठहरेमा प्रचलित कानून बमोजिम सहुँला/बुझाउँला ।

**तपसील**

१. फर्मको पूरा नाम (नेपालीमा)ः ..................................................................
२. फर्मको पूरा नाम (अङ्ग्रेजी क्यापिटल लेटरमा)ः ............................................
३. फर्मको पूरा ठेगानाः प्रदेश ............ जिल्ला ............. न.पा./गा.पा. ................... वडा नं. ........
४. फर्मको उद्देश्यः स्थानीय व्यापार
५. कारोबार गर्ने मुख्य वस्तुहरूको विवरणः .....................................................
६. व्यवसायमा लगानी हुने पूँजीः .................... (अक्षरूपीः ........................................)
७. साझेदारहरूको विवरणः

| **सिनं.** | **साझेदारको नाम थर,** | **ठेगाना** | **पूँजी लगानी रु.** | **मोबाइल नं.** |
|---|---|---|---|---|
| | | | | |
| | | | | |
| | | | | |

**साझेदारहरुको तीन पुस्ते विवरणः**

| सिनं. | साझेदारको नाम थर, | साझेदारको बाबुको नाम थर, | साझेदारको हजुरबाको नाम थर, |
|---|---|---|---|
| | | | |
| | | | |
| | | | |
| | | | |

८. कुनै साझेदारको अधिकारमा रोक लगाइएको भए, सो कुरा निम्नानुसार उल्लेख गर्नुपर्नेछः
९. फर्मको प्रतिनिधित्व गर्ने मुख्य साझेदार वा साझेदारहरूको नामः
१०. नाफा निर्धारण गर्ने तरिकाः
११. नाफा तथा नोक्सान बाँड्ने तरिकाः

यस फाराममा उल्लिखित विवरण अनुसार साझेदारी फर्म दर्ता गर्न हामी साझेदारहरू स्वयं **बर्जु गाउँपालिका** मा उपस्थित भई यसमा सही छाप राख्दछौं। यसमा उल्लिखित विवरण तथा पेश गरिएका कागजातहरू सत्य र साँचा हुन्। झुट्टा ठहरे कानून बमोजिम सहुँला, बुझाउँला ।

| | | |
|---|---|---|
| साझेदारको नामः | साझेदारको नामः | साझेदारको नामः |
| दस्तखतः | दस्तखतः | दस्तखतः |
| दाँया बाँया | दाँया बाँया | दाँया बाँया |

**दरखास्तसाथ सम्लग्न गर्नुपर्ने कागजातहरुः**

(१) कार्यालयवाट प्रमाणित भएको साझेदारहरु बीचको सम्झौताको प्रतिलिपि

(२) साझेदारहरुको नेपाली नागरिकताको प्रतिलिपि

(३) साझेदारहरुको पासपोर्ट साईजको तीन प्रति फोटो

(४) लघु उद्यम संचालन गर्ने फर्मको हकमा सम्बन्धित वडा सर्जमिन मुचुल्का

(५) जग्गाधनी पुर्जा (घर तथा जग्गा आफ्नो नाममा नभई एकाघरको भएमा मन्जुरीनामा, एकाघर बाहिरको भएमा घर तथा भाडाको सम्झौता) र मालपोत तिरेको रसिद

(६) मनी चेन्जर र मनी ट्रान्सफरको कारोवार गर्ने फर्मको लागि नेपाल राष्ट्रबैंकको स्वीकृतिपत्र

(७) औषाधीको कारोवार गर्ने फर्मको लागि औषधी व्यवस्था विभागको सिफारिश वा अनुमतिपत्र

(८) बिषादीजन्य व्यवसाय दर्ताको लागि बिषादीजन्य व्यवसायको लागि अनुमति दिने निकायको सिफारिश वा अनुमतिपत्र

(९) प्रचलित कानून बमोजिम फर्म दर्ताको लागि अन्य निकायको सिफारिश वा अनुमतिपत्र लिनुपर्ने भए त्यस्ता अनुमति वा सिफारिस

(१०) सम्बन्धित निकायले खुलाउनुपर्ने भनी तोकेको अन्य कागजात ।

(११) अन्य निकायमा दर्ता भएको भएमा सो को सक्कल प्रमाणपत्र ।

<u>कबुलियतनामाको ढाँचा</u>

लिखितम् ——— को नाती ——— को छोरा ———, बस्ने वर्ष ——— को ——— आगे ——— को नामले निजी फर्म/साझेदारी फर्म दर्ता गर्न मैले/हामीले ——— कार्यालयमा दरखास्त दिएकोमा उक्त फर्म दर्तासम्बन्धी प्रचलित ऐन, कानून तथा तल उल्लिखित शर्तहरू समेत पालना गरी कार्य गर्नेछु/गर्नेछौं । सो पालना गर्ने विषयमा कबुलियत गर्न तपाई/हजुरहरूको मञ्जुरी छ/छैन भनी ——— कार्यालयबाट सोधनी भएकोमा मेरो/हाम्रो चित्त बुझ्यो । यसमा प्रचलित ऐन, कानून तथा तपसीलमा लेखिएका शर्तहरू उल्लङ्घन गरेको देखिएमा प्रचलित ऐन, कानून बमोजिम सहुँला/बुझाउँला भनी मेरो/हाम्रो स्वतन्त्र इच्छा र राजीखुसीले यो कबुलियतनामाको कागज लेखी ——— कार्यालयमा चढाएँ/चढायौं ।

**तपसील**

१. यो ——— नामको फर्म दर्ता हुनुभन्दा पहिले अरू कसैले सोही नाम वा मिल्दोजुल्दो नाममा फर्म दर्ता गरिसकेको भए सोको सूचना पाउनासाथ तुरुन्तै यो फर्म खारेज गरी नयाँ नाम राखी फर्म दर्ता गर्न आउनेछु । सूचनामा उल्लेखित म्यादभित्र उपस्थित नभएको कारणले फर्म स्वतः खारेज गरिएमा पछि कुनै दाबी गर्नेछैन ।

२. ऐनको दफा १७ बमोजिम मेरो फर्म खारेज भएमा वा नियमावलीमा भएको व्यवस्था बमोजिम स्वतः खारेज हुने अवस्था आएमा कुनै दाबी गर्नेछैन र तिर्न—बुझाउनुपर्ने बाँकी सम्पूर्ण रकम बुझाउनेछु ।

३. यो फर्मको साइनबोर्ड राख्दा ठूलो नेपाली अक्षरमा लेखी, माथि राखी तथा सुविधा प्रयोजनका लागि सोही साइनबोर्डको तलतिर सानो अङ्ग्रेजी अक्षरमा लेख्नेछु ।

४. यस फर्ममा विदेशी नागरिकलाई कर्मचारीका रूपमा नियुक्ति गर्नुपरेमा आवश्यक स्वीकृति प्राप्त गरेपछि मात्र नियुक्ति गर्नेछु ।

५. यसभन्दा अगाडि मेरो नाममा अन्य कुनै फर्म दर्ता गरी राखेको छैन । यसभन्दा अगाडि मेरो नाममा ——— मा ——— बाट ——— नामको फर्म दर्ता गरी राखेकोमा हाल सो फर्म खारेज भई कानून बमोजिम पुनः अर्को फर्म दर्ता गर्न मिल्ने भएकाले यो फर्म दर्ता गर्न ल्याएको छु ।

दस्तखतः
फर्म धनीको नामः ———

इति सम्वत् २०– साल ——— महिना ——— गते, रोज ——— शुभम् ।

<u>साझेदारहरु बीचको सम्झौताको ढाँचा</u>

लिखितम् हामी तपसिलमा लेखिए बमोजिमका नाम, थर र वतन भएका व्यक्तिहरू एक आपसमा मिली उद्योग/वाणिज्य सम्बन्धी व्यवसाय गर्नका लागि देहायका शर्त र वन्देजको आधारमा रही कोशी प्रदेश निजी तथा साझेदारी फर्म दर्ता ऐन, २०७७ बमोजिम साझेदारी फर्म सञ्चालन गर्न हामी साझेदारहरूको सरसल्लाह मिलेकोले तपसिलमा लेखिएका शर्तहरू उपर समेत मन्जुरी भई साक्षीको रोहबरमा लेखात्मक तथा रेखात्मक सहीछाप गरी यो सम्झौता पत्र लेखी कार्यालयमा पेश गरेका छौं ।

**तपसिल**

१. फर्मको नाम :
२. फर्मको ठेगाना :
३. फर्मको उद्देश्य :
४. फर्मको मुख्य मुख्य कारोबार :
५. साझेदारहरूको विवरणः

| क्र.सं. | साझेदारको नाम | बाजेको नाम | बाबुको नाम | ना.प्र.प.नं. र जिल्ला | ठेगाना |
|---|---|---|---|---|---|
| | | | | | |
| | | | | | |
| | | | | | |

६. लगानी हिस्सा अनुपात :

| क्र.सं. | साझेदारको नाम | लगानी हिस्सा (रकम रू.) | लगानी हिस्सा (प्रतिशत) |
|---|---|---|---|
| | | | |
| | | | |
| | | | |

७. नाफा नोक्सानको जिम्मेवारी :

| क्र.सं. | साझेदारको नाम | नाफा, नोक्सानको जिम्मेवारी |
|---|---|---|
| | | |
| | | |
| | | |

**८. फर्मको किसिम :** कोशी प्रदेश निजी तथा साझेदारी फर्म दर्ता ऐन, २०७७ र पछि हुने संशोधन सहितको अधीनमा रही व्यवसाय गर्ने एक साझेदारी फर्म हुनेछ ।

**९. फर्मको प्रतिनिधित्व :** यस फर्मको प्रतिनिधित्व फर्मका सबै साझेदारहरूको आपसी सल्लाह अनुसार प्रतिनिधित्व गर्न सकिनेछ ।

**१०. बैंक खाता सञ्चालन :** व्यावसायिक कारोबारको सिलसिलामा फर्मको बैंकमा खाता खोली सञ्चालन गर्न यस फर्मका सबै साझेदारहरूको मन्जुरीमा संयुक्त दस्तखतबाट स्वदेशी बैंकमा खाता खोली सञ्चालन गर्न सकिनेछ ।

**११. श्रेस्ता राख्ने :** यस फर्मको हिसाब किताब सबै साझेदारहरूले हेर्न सकिने गरी ऐन, कानून अनुसार नेपाली भाषामा श्रेस्ता राखिने छ ।

**१२. थपघट र अदलबदल :** यस फर्ममा साझेदार, पूँजी, उद्देश्य, कारोबार आदि कुराहरूमा थपघट वा हेरफेर गर्नु आवश्यक भएमा सम्पूर्ण साझेदारहरूको मञ्जुरीमा कार्यालयको स्वीकृति लिएर थपघट वा हेरफेर गर्न सकिनेछ ।

**१३. आर्थिक वर्ष :** प्रत्येक श्रावण १ गतेदेखि असार मसान्तसम्मको अवधिलाई यस फर्मको एक आर्थिक वर्ष मानिनेछ ।

**१४. लेखापरीक्षण :** प्रत्येक आर्थिक वर्ष पूरा भएको ३ महिना भित्र स्वीकृत प्राप्त लेखापरीक्षकद्वारा यस फर्मको लेखापरीक्षण गराइनेछ । लेखापरीक्षणबाट देखिन आएको नाफा नोक्सान रकममा सबै साझेदारहरूले समानुपातिक रूपले यसै सम्झौताको बुँदा नं. ७ मा उल्लेख भए अनुसार बेहोर्नु पर्नेछ ।

**१५. छोडपत्र :** साझेदारहरू मध्ये कुनै एक वा दुई साझेदारहरूले आफ्नो उचित कारण यस फर्मको साझेदारी छोडी अलग बस्न चाहेमा बाँकी साझेदारहरूको मञ्जुरी लिई सम्बन्धित कार्यालयबाट स्वीकृति भएपछि मात्र छोडपत्र गर्न सकिनेछ । तर आफूले छोडेको मितिसम्मको स्रेस्ताबाट देखिएको हरहिसाब भने समानुपातिक रूपले बेहोर्नु पर्नेछ ।

**१६. जिम्मेवार :** यस फर्मका कुनै साझेदार यदि कानूनी रूपमा अपराधी घोषित हुन पुगेमा सो सम्बन्धी सम्पूर्ण जिम्मेवार निज साझेदार हुनेछ, यो फर्मसँग यसको कुनै सरोकार हुने छैन ।

**१७. साझेदार मृत्यु, फरार वा बहुला :** यस फर्मको कुनै साझेदारको मृत्यु वा वा फरार भएमा सो सम्बन्धित प्रमाणित कागजातको आधारमा निजको लगानी हिस्सा निजको नजिकको हकवालासँग हुनेछ र सोही हकवालाको मञ्जुरी बमोजिम कार्य गरिनेछ ।

**१८. बैठक :** सामान्यतया महिनाको १ पटक यस फर्मका साझेदारहरूको बैठक बस्नेछ ।

**१९. पालना :** सम्पत्ति शुद्धीकरण (मनि लाउन्डरिङ्ग) निवारण ऐन, तथा अपराधिक कार्यमा लगानी नियन्त्रण सम्बन्धी कानून वा सो अन्तर्गतका बनेका नियम, निर्देशन वा सम्बन्धित निकायको नियमन, निर्देशन र सुपरिवेक्षण पालना गर्ने छौं ।

**२०. अन्य :** यस सम्झौता पत्रमा लेखिएका कुराहरूको हकमा सोही बमोजिम र यसमा लेख्न छुट भएका कुराहरूको हकमा कोशी प्रदेश निजी तथा साझेदारी फर्म दर्ता ऐन, २०७७ र अन्य कानूनहरुको अधीनमा रही हुनेछ ।

साझेदारको नामः साझेदारको नामः साझेदारको नामः

| दस्तखतः | | दस्तखतः | | दस्तखतः | |
|---|---|---|---|---|---|
| दाँया | बाँया | दाँया | बाँया | दाँया | बाँया |

**साक्षी**

१. .................... जिल्ला .................... पालिका वडा नं. .......... बस्ने वर्ष ......... का श्री

२. .................... जिल्ला .................... पालिका वडा नं. .......... बस्ने वर्ष ......... का श्री

**इति सम्वत २० .......... साल .................... महिना .......... गते ......... रोज शुभम् .........।**

अनुसूची-५

(दफा ५ संग सम्बन्धित)

लघु उद्यम दर्ताको निमित्त दिने दरखास्तको ढाँचा

मिति.....................:

श्रीमान् प्रमुख प्रशासकीय अधिकृत ज्यू

।..............................

**विषयः लघु उद्यम दर्ता सम्बन्धमा ।**

कोशी प्रदेश.........................जिल्ला .......................नगरपालिका/गाउँपालिका वडा नं. .............मा ....................... उद्देश्य रहेको.......................नामको उद्यम स्थापना गर्ने चाहना भएको हुँदा प्रदेश औद्योगिक व्यवसाय ऐन,२०७७ तथा प्रदेश औद्योगिक व्यवसाय नियमावली, २०८० बमोजिम आवश्यक पर्ने कागजात र विवरण यसै निवेदन साथ संलग्न राखी उद्यम दर्ताका लागि निवेदन गरेको छु/ गरेका छौं । निवेदनमा उल्लेख भएको व्यहोरा साँचो छ । झुट्टा ठहरे कानून बमोजिम सहुँला, बुझाउँला ।

फर्म वा कम्पनीको नामः- ....................................................
फर्म वा कम्पनीको ठेगानाः- ................................................
निवेदकको नाम, थरः .......................................................
नागरिकता प्रमाण पत्र नं.ः ............. जारी मितिः ............. जिल्लाः .............
निवेदकको ठेगानाः
प्रदेश ............ :जिल्ला ............ :नगरपालिका/गाउँपालिका ............ :वडा नं.... :.
टोल/मार्ग ........................... :घर नम्बर............ :
सम्पर्क गर्ने नम्बर ........................... :इमेल ठेगाना........................... :
लघु उद्यम अन्य निकायमा दर्ता भएको भएमा लघु उद्यम दर्ता प्रमाणपत्र नं र मितिः.......................

.............................
निवेदकको हस्ताक्षर

(फर्म वा कम्पनीको छाप )

**दरखास्तसाथ सम्लग्न गर्नुपर्ने कागजातहरुः**

(१) निवेदक फर्म भएमा दर्ता प्रमाणपत्रको प्रतिलिपि वा कम्पनी भएमा कम्पनी दर्ता प्रमाणपत्र, प्रबन्धपत्र र नियमावलीको प्रतिलिपि

(२) प्रतिनिधि नियुक्त गरेको भएमा सोको अख्तियारी पत्र

(३) निजी उद्यम स्थापना गर्न चाहेको भएमा निजी फर्म दर्ताको लागि आवश्यक कागजात

(४) साझेदारीमा उद्यम स्थापना गर्न चाहेको भएमा साझेदारी फर्म दर्ताको लागि आवश्यक कागजात

(५) सम्बन्धित वडा सर्जमिन मुचुल्का

(६) जग्गाधनी पुर्जा (घर तथा जग्गा आफ्नो नाममा नभई एकाघरको भएमा मन्जुरीनामा, एकाघर बाहिरको भएमा घर तथा भाडाको सम्झौता) र मालपोत तिरेको रसिद

(७) वातावरणमा पर्नसक्ने प्रतिकुल प्रभाव न्यूनीकरण गर्न अवलम्वन गर्ने उपाय सहितको स्वघोषणा पत्र

(८) उद्योग रहने स्थानको नक्साङ्कन सहितको विवरण

(९) उद्योग संचालनमा आउने अनुमानित मिति वा आएको मिति खुल्ने कागजातको प्रतिलिपि

(१०) प्रचलित कानून बमोजिम फर्म दर्ताको लागि अन्य निकायको सिफारिश वा अनुमतिपत्र लिनुपर्ने भए त्यस्ता अनुमति वा सिफारिस

(११) खाद्य उद्योगसंग सम्बन्धित उद्योग भए खाद्य प्रविधि तथा गुण नियन्त्रण कार्यालयको सहमति पत्र

(१२) सम्बन्धित निकायले खुलाउनु पर्ने भनी तोकेको अन्य कागजात ।

(१३) अन्य निकायमा दर्ता भएमा सो को सक्कल प्रमाणपत्र वा प्रमाणित प्रतिलिपि |

(१४) परियोजना विवरण (अभिलेखीकरणको लागि आवश्यक नपर्ने)

## परियोजना विवरणको ढाँचा

१. उद्योगको नामः
२. उद्योग रहने स्थलः कोशी प्रदेश,................. जिल्ला, ................. नगरपालिका/गाउँपालिका, वडा नंसडक )............. (मार्गको नाम

पत्राचारको ठेगाना र फोन नं.

सञ्चालकको नाम र फोन नं.

सम्पर्क व्यक्तिको नाम र फोन नं .

३. औद्योगिक ग्राम/क्षेत्रमा स्थापना हुने भए सोको नामः
४. उद्योगको स्तर : लघु/घरेलु
५. उद्योगको कानूनी रूपः ◻ निजी फर्म ◻ साझेदारी फर्म ◻ प्रा.लि.कम्पनी ◻ पब्लिक लिमिटेड कम्पनी ◻ मुनाफा वितरण नगर्ने कम्पनी
६. उद्योगको वर्ग :◻ उत्पादनमूलक उद्योग ◻ कृषि तथा वन पैदावार आधारित उद्योग ◻ खनिज उद्योग ◻ पर्यटन उद्योग ◻ पूर्वाधार उद्योग ◻ सूचना प्रविधि, सञ्चार प्रविधि तथा सूचना प्रविधिमा आधारित उद्योग ◻ सेवामूलक उद्योग
७. उद्योग सञ्चालन हुने दिन प्रति वर्षः ...दिन शिफ्ट... :
८. उत्पादन हुने बस्तु तथा सेवाको विवरणः

| सिनं. | वस्तु वा सेवाको विवरण | एकाई | वार्षिक क्षमता | प्रति एकाइ बिक्री मूल्य दर (.रु) | कुल बिक्री मूल्य (.रु) |
|---|---|---|---|---|---|
| | | | | | |
| | | | | | |

९. परियोजना लागत तथा लगानीको स्रोतः

| पूँजीको किसिम | लगानी (.रु) | लगानीको स्रोत | |
|---|---|---|---|
| | | स्व(.रु) लगानी . | ऋण लगानी (.रु) |
| स्थिर पूँजी | | | |
| चालू पूँजी | | | |
| कूल पूँजी | | | |

१०. स्थिर पूँजी

| सि.नं. | विवरण | रकम (.रु) | कैफियत |
|---|---|---|---|
| १. | जग्गा (.............क्षेत्रफल) | | |
| २. | भवन (............क्षेत्रफल) | | |
| ३. | मेशिनरी उपकरण मुख्य ) मेशिनहरुको नाम क्रमशः उल्लेख (गर्ने | | |

| | | | |
|---|---|---|---|
| ४. | फर्निचर फिक्सचर्स उपकरण , | | |
| ५. | सवारी साधन | | |
| ६. | पूर्व सञ्चालन खर्च | | |
| ७. | अन्य | | |
| **कूल स्थिर पूँजी** | | | |

११. चालू पूँजीको विवरणः

| **सि.नं .** | **विवरण** | **रकम (.रु)** |
|---|---|---|
| १. | कच्चा पदार्थ (दिनको लागि/महिना ............) | |
| २. | अर्ध तयारी वस्तु | |
| ३. | उधारो (दिनको लागि/महिना ...........) | |
| ४. | अन्य | |
| **कूल** | | |

१२. मेशिनको विवरणः

| **सि.नं.** | **नाम** | **आवश्यक संख्या** | **रकम (.रु)** |
|---|---|---|---|
| | | | |
| | | | |

नोटः आवश्यक भएमा मेशिनको प्रयोजन र औचित्यबारे पुष्ट्याई पेश गर्नुपर्नेछ ।

१३. उद्योगले प्रयोग गर्ने आवश्यक कच्चा पदार्थको विवरणः

